# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

निर्माण तथा यातायात मन्त्रालयका सचिव श्री मुक्तिप्रसाद काफ्ले विश्व बैंक-संग सम्पन्न हुने ऋण वार्ता एवं सम्झौतासम्बन्धी कार्यका लागि संयुक्त राज्य अमेरिकाको वाशिङ्गटनतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गौरीनाथ रिमाललाई मिति २०४५।१०।८ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा अन्तर्राष्ट्रिय कृषि विकास कोषको बैठकमा भाग लिन इटलीको रोम प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विदुरकुमार थापालाई मिति २०४५।१०।८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४५।२।४ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको सचिवालय वा अन्तर्गत कार्यालयको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सरुवा भएका श्री शिवदत्त बिष्टलाई श्री ५ को सरकारको मिति २०४५।५।१ को निर्णयानुसार सोको सट्टामा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ ।

आज्ञाले,
अर्जुनमणि आ.दी.
उप-सचिव



३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।